



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ १ गते बिहिबार ❑ 15 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## नेपाली कांग्रेस विभाजित

**पोखरापत्र संवाददाता**
पोखरा, ३० पुस

नेपाली कांग्रेसले महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फर्मूल्ला मन्सुरलाई पार्टी अनुशासन उल्लङ्घन गरेको आरोपमा कारबाही गरेको छ।

पार्टीका कार्यवाहक सभापति पूर्णबहादुर खड्काको अध्यक्षतामा बुधबार सानेपामा बसेको पार्टी केन्द्रीय कार्यसमितिको बैठकले पार्टी विधान र हितविपरीत गतिविधिमा संलग्न रहेको आरोपमा पार्टी सदस्यबाट पाँच वर्षका लागि उहाँहरूलाई निष्कासन गरेको केन्द्रीय सदस्य तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माले जानकारी दिनुभयो । महामन्त्री थापा र शर्मा तथा सहमहामन्त्री मन्सुरले कांग्रेसको विशेष महाधिवेशन पक्षद्वारा आह्वान गरिएको विशेष महाधिवेशनको अगुवाइ गर्नुका साथै नयाँ नेतृत्व चयनका लागि निर्वाचन प्रक्रिया अघि बढाउने कार्यमा संलग्न रहेको आरोप छ। बैठकबाट बाहिरिनेक्रममा केन्द्रीय सदस्य मोहनबहादुर बस्नेतले पार्टीको केन्द्रीय कार्यसम्पादन समितिले निर्णय गरी पेस गरेको १५ औँ महाधिवेशनको कार्य तालिकासहित सबै निर्णयहरू पारित गरेको जानकारी दिनुभयो । सानेपामा दिउँसो ३ बजेतिर भएको यो निर्णयले भृकुटीमण्डपमा जारी विशेष महाधिवेशनलाई नयाँ नेतृत्व चयन गर्ने बाटो खोलिदियो। देउवा पक्षधर नेताहरुसँग वार्ता चलिरहेकाले भृकुटीमण्डपमा जारी विशेष महाधिवेशनमा नेतृत्व चयन प्रक्रिया स्थगित गर्दिँदै आएको थियो। तर एकता जोगाउने प्रयत्न असफल भएपछि विशेष महाधिवेशन नयाँ नेतृत्व चयनतर्फ अघि बढ्यो।

विभाजन पछि दुई पक्षबीच आधिकारिकताको संघर्ष शुरू भएको छ। देउवा पक्षले निर्वाचन आयोगलाई २९ पुसपछि पार्टीको कुनै कार्यक्रम नभएको जानकारी दिएर विशेष महाधिवेशनलाई मान्यता नदिन निवेदन दिइसकेको छ। विशेष महाधिवेशन पक्षधरले यसअघि नै ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर सहितको निवेदन दिइसकेको थियो। उनीहरुले आफूसँग बहुमत रहेकाले देशको संविधान, कानुन र पार्टीको विधानले कांग्रेस नाम, रुख चिन्ह र चारतारे झण्डामा दाबी गरिसकेका छन्।

कुन पक्षले आधिकारिकता पाउँछ भन्ने अब आयोगको निर्णय कुर्नुपर्नेछ। यो विभाजनको दोष भने एकअर्कामाथि लगाएका छन्। पार्टी फुटेको सन्देश सुनाउँदै कार्यबाहक सभापति खड्काले महामन्त्रीहरुलाई दोष दिएका छन्, 'महामन्त्रीहरूले केही सल्लाह नै नगरेको जसरी धोका दिनुभयो । उहाँहरु कामकारबाही हुन नसक्नुमा आफ्नो केही दोष होइन जसरी विशेष महाधिवेशनमा लाग्नुभयो, पार्टीलाई विभाजनमा धकेल्नेगरी ।' वार्ताका क्रममा पनि सम्बोधन गर्नै नसकिने माग राखेको खड्काले बताए। 'अब पार्टी फुटमा जाने करिब निश्चित छ। महामन्त्रीहरूले प्रधानमन्त्रीको उम्मेदवार घोषणा, सभापतिको राजनीतिक सन्यास र निर्वाचन हाइकमाण्ड बनाउने प्रस्ताव गर्नुभएको हो । यसमा केही मिल्नै नसकिने खालका थिए,' सानेपामा खड्काले भनेका थिए। एकता जोगाउने विकल्पमा विशेष महाधिवेशन पक्षधरले ८ बुँदे प्रस्ताव पठाएका थिए । जहाँ, देउवाले कार्यकारी भूमिकाबाट अलग हुनुपर्ने र टिकट बाँड्नेगरी अन्तरिम नेतृत्व चयन गरिनुपर्ने माग राखिएको थियो । तर अन्तरिम नेतृत्व लिने पात्र देउवाकै रोजाइलाई मान्न तयार हुने समेत उनीहरुको सन्देश थिएका थिए। तर बदलिएको परि स्थिस्तिमा पार्टी बदल्ने प्रस्ताव अस्वीकार गरी उल्टै कार्बाहीको निर्णय गरेर विभाजनको बाटो खुला गरिएको गगन-विश्वले तर्क गरेका छन्। यो पक्षले पार्टी विभाजनको दोष देउवा र उनलाई साथ दिने नेताहरुलाई दिएका छन्।

## पोखरामा विशिष्टीकृत अस्पताल बनाउने योजना अधुरै

**पोखरापत्र संवाददाता**
पोखरा, ३० पुस

पोखरामा क्यान्सर, मुटु, मिर्गौला र बालरोगसम्बन्धी एकीकृत सेवासहितको विशिष्टीकृत अस्पताल बनाउने गण्डकी प्रदेश सरकारको योजना कार्यान्वयनमा आउन सकेको छैन।

प्रदेश स्थापनापछि गठित पहिलो सरकारले प्रदेश राजधानी पोखरामा विशिष्टीकृत अस्पताल स्थापना गर्ने निर्णय गरेको थियो। घोषणा भएको वर्षौं बितिसक्दा पनि अस्पताल निर्माण प्रक्रिया अगाडि बढ्न नसकेको हो । प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले जग्गा व्यवस्थापन हुन नसक्दा अस्पताल निर्माणको योजना कार्यान्वयनमा आउन नसकेको बताउनुभयो। प्रदेशको गौरवको आयोजनाका रूपमा घोषणा गरिएको विशिष्टीकृत अस्पताल निर्माणका लागि सङ्घ सरकारसँग जग्गा माग गरिएको बताउँदै उहाँले हालसम्म कुनै सुनुवाइ नभएको उल्लेख गर्नुभयो।

प्रदेशको स्वास्थ्य मन्त्रालयकातर्फ गत वर्ष तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष प्रदेश सरकारलाई जग्गा उपलब्ध गराइदिन माग गरिएको थियो । "पोखरा महानगरपालिका-१६ स्थित जौवारी सिँचाइ विभागको २०० रोपनी जग्गा अस्पताल निर्माणका लागि माग गरिएको हो, तर अहिलेसम्म जग्गा प्राप्तिको कुनै टुङ्गो लाग्न सकेको छैन", स्वास्थ्यमन्त्री पाठकले भन्नुभयो, "जग्गा व्यवस्थापनका लागि हाम्रोतर्फबाट प्रयास जारी छ ।" प्रदेश सरकारले हरेक वर्षको नीति तथा कार्यक्रममा उक्त योजना समेट्दै आए पनि जग्गा अभाव हुँदा काम अघि बढ्न नसकेको उहाँले बताउनुभयो। सङ्घ सरकारबाट जग्गा व्यवस्थापनमा आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता आउने गरे पनि ठोस पहल हुन नसकेको स्वास्थ्यमन्त्री पाठकको भनाइ छ। मन्त्रालयको चिकित्सा सेवा महाशाखा प्रमुख डा रमेशकुमार केसीले पोखरामा प्रदेश सरकारको आफ्नै विशिष्टीकृत अस्पताल आवश्यक रहेको बताउनुभयो । "सङ्घ सरकारअन्तर्गत रहेको गण्डकी अस्पतालमा रहेको बिरामीको चाप कम गर्न पनि पोखरामा अर्को विशिष्टीकृत अस्पताल आवश्यक छ । त्यसलाई प्रदेशको 'रिफरल' अस्पतालका रूपमा विकास गर्न सकिन्छ", उहाँले भन्नुभयो, "विशिष्टीकृत अस्पताल भएपछि जटिल रोगको उपचारका लागि काठमाडौँ वा अन्यत्र जानुपर्ने सर्वसाधारणको बाध्यता पनि कम हुँदै जानेछ।"

महाशाखा प्रमुख केसीले जग्गा अभावकै कारण अस्पताल स्थापनाको योजना अधुरै रहेको बताउनुभयो। जग्गा व्यवस्थापन हुन नसकेमा लेखनाथमा रहेको प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताललाई दीर्घकालीन रूपमा विशिष्टीकृत अस्पतालमा विकास गर्ने मन्त्रालयको योजना रहेको उहाँले जानकारी दिनुभयो।

प्रदेशमा एकीकृत सेवासहितको मातृ शिशु, महिला तथा बाल अस्पतालको पनि आवश्यकता रहेको केसीले बताउनुभयो । उहाँका अनुसार प्रदेश सरकारले प्राकृतिक चिकित्सा, आयुर्वेद उपचार पद्धति र मेडिकल विज्ञानसम्बन्धी सेवालाई एकै ठाउँबाट प्रवाह हुने गरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापनाको लक्ष्य पनि लिएको छ। उक्त केन्द्रका लागि राष्ट्रिय खेलकुद परिषद्को नाममा पोखरा रङ्गशाला परिसरमा रहेको पाँच रोपनी सात आना जग्गा प्राप्तिका लागिसमेत पहल गरिएको मन्त्रालयले जनाएको छ। प्रदेश सरकार र स्थानीय तहअन्तर्गत सञ्चालित अस्पताल र स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार निर्माणदेखि स्वास्थ्य सेवाको गुणस्तर वृद्धिका लागि आवश्यक स्रोतसाधनको प्रबन्धका लागि सङ्घ सरकारले सहयोग गर्नुपर्ने स्वास्थ्यमन्त्री पाठकले बताउनुभयो। स्वास्थ्य क्षेत्र सुधारको लक्ष्यसहित अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएर मन्त्रालयले काम गरिरहेको उहाँको भनाइ छ। "नागरिकलाई सर्वसलुभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि नीतिगत, संस्थागत र संरचनागत सुधारमा जोड दिइएको छ", स्वास्थ्यमन्त्री पाठकले भन्नुभयो।

## लामिछानेविरुद्धका मुद्दाको अभियोग संशोधन गर्न स्वीकृति

**रासस**
काठमाडौं, ३० पुस

महान्यायाधिवक्ताको कार्यालयले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेविरुद्धकासङ्गठितअपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्तासम्बन्धी प्रक्रिया अघि बढाउन स्वीकृति दिएको छ।

कार्यालयले बुधबार विभिन्न अदालतमा रहेका उक्त मुद्दासम्बन्धी अभियोग संशोधन गर्न स्वीकृति दिएको हो।

"रवि लामिछाने प्रतिवादी भएको मुद्दाहरूमा समेत लगाइएको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग कास्की, काठमाडौँ, रुपन्देही र पर्सा जिल्ला अदालतमा चितवन जिल्ला अदालतमा भए सरह ठगी तथा सहकारी ठगीमा गरिएको अभियोग कायम गरी सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग दाबी निजको हकमा कायम नरहने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बमोजिम अभियोग संशोधन हुनेगरी स्वीकृति दिने निर्णय गरिएको छ", महान्यायाधिवक्ता सविता भण्डारीद्वारा प्रमाणित टिप्पणीमा उल्लेख छ। महान्यायाधिवक्ता कार्यालयको स्वीकृतिसँगै अब जिल्ला सरकारी वकिलको कार्यालय कास्की, रुपन्देही, काठमाडौँ र पर्साबाट आवश्यक कारबाही अघि बढ्नेछन् । लामिछानेले आजै सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधसम्मको मुद्दा फिर्ता लिन महान्यायाधिवक्तासमक्ष निवेदन दिनुभएको थियो।

## पोखरामा डेढ करोड बराबरको कन्दमूल भित्रियो

**पोखरापत्र संवाददाता**
पोखरा, ३० पुस


माघे संक्रान्तिको अवसरमा पोखरामा करिब डेढ करोड रुपैयाँ बराबरको कन्दमूल भित्रिएको छ।



माघे संक्रान्तिमा विशेष रूपमा खाइने तरुल, सखरखण्डलगायतका कन्दमूल कास्कीका विभिन्न स्थानसँगै छिमेकी सहित देशका अन्य जिल्ला हुदै भारतबाट समेत भित्रिएको व्यवसायीहरूले बताउनु भएको छ । पोखराको शान्ति वन वाटिकास्थित कृषि उपज बजार व्याबस्थापन (फलफूल तथा तरकारी बजार) देखि विभिन्न कृषि उपज बजार र फलफूल-तरकारी पसलहरूमा कन्दमूलको बिक्रीका लागि राखिएको छ । बजारमा विभिन्न जातका तरुल न्यूनतम ५० रुपैयाँदेखि अधिकतम २०० रुपैयाँ प्रतिकेजीसम्म बिक्री भइरहेको छ। पोखराका कन्दमूल व्यवसायी डम्बर बहादुर थापा अनुसार पन्जे तरुल प्रतिकेजी ७० रुपैयाँ, भैँसे तरुल ४५ देखि ५० रुपैयाँ, घर तरुल ७० देखि ७५ रुपैयाँ, सखरखण्ड ५० देखि ६५ रुपैयाँ र वन तरुल प्रतिकेजी २०० रुपैयाँमा बिक्री भइरहेको छ। होलसेल मूल्यको तुलनामा खुद्रा बजारमा करिब ३० देखि ७० प्रतिशतसम्म मुनाफा हुने गरी कन्दमूलको कारोबार भइरहेको उहाँले बताउनुभयो । उहाँले सिजनको कन्दमुलको व्यापार ४/५ लाखको गर्दै आउनु भएको छ। पोखरामा भारत सहित तनहुँ, गोर्खा, सर्लाही, हेटौंडा, पाल्पा, नवलपरासी लगायतका क्षेत्रबाट कन्दमूल भित्रिएको छ।

पोखराको श्री कम्प्लेस कृषि उपजका एक व्यवसायी धर्म प्रसाद तिमिल्सिनाले यस बर्ष आफुले कन्दमुलबाट एक महिनाको आम्दानी हुने गरी व्यापार गर्ने बताउनु भयो । उहाँले भन्नुभयो" यो सिजनको व्यावसाय हो, यस सिजनमा कम्तिमा पनि मैले ५० हजार आम्दानी गर्ने लक्ष्य राखेको छु, पछिल्लो समयमा कन्दमुलमा मानिसहरुको रुचि कम भएको जस्तो हामीलाई भान भएको छ। " यस बर्ष भने पोखरामा कन्दमुल एक दीन अघि देखि बिक्रि वितरण भएको उहाँले बताउनु भयो। जाडो मौसममा कन्दमूल सेवन गर्दा शरीरलाई आवश्यक ऊर्जा र खनिज पदार्थ प्राप्त हुने भएकाले यसको महत्व अझ बढ्ने गरेको अग्रजहरूको भनाइ छ। यसैबीच, माघे संक्रान्तिको अवसरमा पोखराको ढुंगे साँघु क्षेत्रमा परम्परागत मेला लाग्ने गर्दछ। सोही अवसरमा भोलि (विहिबार) त्यहाँ 'हार्ट बजार' समेत सञ्चालन हुने भएको छ। पछिल्लो समय मानव बस्ती विस्तारसँगै सितापाइल क्षेत्रमा खुला जमिनको अभाव हुँदा सडकमा अत्यधिक भीडभाड हुने गरेको छ। मेलासँगै विभिन्न खेलकुद प्रतियोगिताहरू पनि आयोजना हुँदै आएका छन्।

तरुल तथा कन्दमुल खादा मानव स्वास्थ्यका लागि फाइदाजक हुने बताउनु भयो । कन्दमुल जमिन मुनि फल्ने हुनाले भिटामिन सी, कार्वोहाइड्रेड, भिटामिन ए, आइरन, म्याग्नेसियम, फसफोरस, पोटासियम जस्ता मानव शरिरका लागि आवश्यक तत्व पाइने चिकित्सकहरुले बताउदै आउनु भएको छ। कन्दमुलमा प्रोटिन भने कम पाइन्छ आँखा, छाला र श्वासप्रश्वास सम्बन्धि समस्याका लागि धेरै फाइदा पुग्छ भने मृगौला रोगीका बिरामीले यसको प्रयोग नगर्दा उचित हुने चिकित्सकको सुझाव दिएका छन्।

# भ्रमपूर्ण सूचना समाज र युवाका लागि गम्भीर चुनौती: मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, ३० पुस

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले भ्रमपूर्ण तथा मिथ्यापूर्ण सूचना आजको समाज र विशेषगरी युवा पुस्ताका लागि गम्भीर चुनौती बन्दै गएको बताएका छन्।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत प्रेस रजिष्ट्रारको कार्यालयको आयोजनामा बुधबार पोखरामा आयोजित "भ्रमपूर्ण तथा मिथ्यापूर्ण सूचना सम्बन्धी सरोकारवालाबीच सचेतना तथा अन्तरक्रिया" कार्यक्रममा प्रमुख अतिथिका रूपमा बोल्दै उनले सूचना प्रविधिको तीव्र विकाससँगै गलत सूचनाको जोखिम पनि बढ्दै गएको उल्लेख गरे। "आज हामी सूचना प्रविधिको युगमा छौँ, तर यससँगै सूचनाको भीडभाड पनि बढेको छ," उनले भने, "सत्य समाचारसँगै गलत र भ्रामक सूचना सजिलै फैलिने अवस्था छ, जसको प्रत्यक्ष असर समाजको सामाजिक सद्भाव र युवाको सोचमा परेको छ।"

मन्त्री थापाले भ्रमपूर्ण सूचनाका कारण समुदायबीच द्वन्द्व, सामाजिक असहिष्णुता र हिंसासमेत निम्तिन सक्ने खतरा औँल्याउँदै युवाहरू डिजिटल प्लेटफर्ममा बढी सक्रिय भएकाले उनीहरू नै यस्ता सूचनाको मुख्य निशाना बन्न पुगेको बताए।

गण्डकी प्रदेश सरकारले प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको पूर्ण सम्मान गर्दै आएको उल्लेख गर्दै उनले स्वतन्त्रताको अर्थ स्वच्छन्दता नभएको स्पष्ट पारे। "आमसञ्चार ऐन, २०८० र नियमावली, २०८२ ले मर्यादित, जिम्मेवार र जवाफदेही पत्रकारितालाई प्रोत्साहन गरेको छ," उनले भने। न्युमिडिया र युट्यूब पत्रकारितामा संलग्न युवाहरूलाई विशेष सम्बोधन गर्दै उनले क्यामेरा र मोबाइल ठूलो शक्ति भएकाले त्यसको प्रयोग समाजलाई जोड्ने दिशामा गर्न आग्रह गरे। "भाइरल हुने नाममा समाजलाई विभाजन गर्ने होइन, सत्य र तथ्यमा आधारित सूचना प्रवाह गर्नुपर्छ," उनको भनाई छ।

उनले सूचना प्राप्त हुँदा त्यसको स्रोत र सत्यता जाँच गर्ने संस्कार विकास गर्नुपर्नेमा जोड दिए। मन्त्री थापाले गण्डकी प्रदेश सरकार प्रेस रजिष्ट्रारको कार्यालय तथा सरोकारवालासँग मिलेर डिजिटल साक्षरता र सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाए। कार्यक्रमबाट प्राप्त ज्ञान हलभित्र मात्र सीमित नराखी समाज र समुदायसम्म पुऱ्याउन सहभागीहरूलाई आग्रह गर्दै उनले सत्य सूचनाको उज्यालोले गलत सूचनाको अँध्यारो हटाउन सबैको सहकार्य आवश्यक रहेको बताए। गण्डकी प्रेस रजिष्ट्रार विमला भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेश सरकारका प्रमुख सचिव, नीति तथा योजना आयोगका उपाध्यक्ष, कास्कीका सिडिओ, बागमती प्रदेशका सञ्चार रजिष्ट्रार र मिडिया विज्ञ,महान्यायाधिवक्ता, मन्त्रालयका सचिवहरू, सुरक्षा निकायका प्रमुख, सञ्चारकर्मी, सूचना अधिकारी, नागरिक समाज तथा विभिन्न क्षेत्रका सरोकारवालाहरूको सहभागिता रहेको थियो।

# मनास्लु क्षेत्रमा ड्रोनमार्फत निगरानी

**पोखरापत्र संवाददाता**
पोखरा, ३० पुस

मनास्लु क्षेत्रमा बढ्दो आगलागी नियन्त्रण गर्न ड्रोनमार्फत निगरानी सुरु गरिएको छ। मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप)ले ड्रोनमार्फत निगरानी सुरु गरेको हो।

चुमनुब्री गाउँपालिका-३ स्थित नाक्चेत, घट्टेखोलालगायत क्षेत्रमा वन डढेलो बढेपछि ड्रोनमार्फत निगरानी सुरु गरिएको मनास्लु संरक्षण क्षेत्र आयोजनाका फिल्ड अफिसर भुवन ओझाले जानकारी दिनुभयो। डढेलोले संरक्षण क्षेत्रभित्रका वन्यजन्तु, जैविक विविधता, मानव स्वास्थ्य तथा वातावरणमै गम्भीर असर पुऱ्याउने भएकाले नियन्त्रण गर्न जरुरी रहेको उहाँले बताउनुभयो। "केही समयदेखि सिर्दिबासलगायत आसपासको क्षेत्रमा दैनिकजसो आगलागीका घटना बढिरहेका छन्। त्यसैले हामीले ड्रोनको प्रयोग गरी निगरानी सुरु गरेका हौँ", उहाँले भन्नुभयो, "यहाँ एक ठाउँबाट अर्को ठाउँसम्म पुग्न तीनचार घण्टा पैदल हिँड्नुपर्ने बाध्यता छ। ड्रोनको प्रयोग गरेपछि एकठाउँमा बसेर आगलागी भएको क्षेत्र हेर्न मिल्ने भयो, त्यहाँको अवस्था बुझ्न पनि सजिलो भयो।"

डढेलो लगाउने व्यक्ति पहिचान गर्ने तथा वन क्षेत्रमा आगो लगाउने क्रम नियन्त्रणमा ल्याउने उद्देश्यसहित ड्रोनमार्फत निग्रानी सुरु गरेको ओझाले बताउनुभयो। कार्यालयले ड्रोनको प्रयोग सुरु गरेपछि स्थानीयहरूसमेत सचेत भएका र आगलागी न्यूनीकरण भएको उहाँको भनाइ छ। ड्रोनको सहायताले हालसम्म दुईवटा आगलागीको घटना नियन्त्रण गरिसकेको एमक्यापका फिल्ड अफिसर ओझाले जानकारी दिनुभयो।

# पोखरा महोत्सवमा मौलिक खेल छेलो/ठेलो प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३० पुस

पोखराको अमरसिंह खेल मैदानमा जारी १४ औं पोखरा महोत्सवमा परम्परागत मौलिक खेल छेलो/ठेलो प्रतियोगिताको आयोजना हुने भएको छ। गण्डकी प्रदेशमा लोकप्रिय परम्परागत उक्त खेलको प्रवर्द्धन तथा संरक्षण गर्ने उद्देश्यले उक्त प्रतियोगिताको आयोजना गर्न लागिएको हो।

माघ ४ देखि ९ गते सम्म सञ्चालन हुने उक्त प्रतियोगितामा प्रथम हुनेले नगद ४० हजार, द्धितिय हुनेले नगद २५ हजार र तृतीय हुनेले नगद १० हजार प्राप्त गर्ने प्रतियोगिता संयोजक गणेश खड्काले जानकारी दिए। संयोजक खड्काका अनुसार प्रतियोगितामा भाग लिनका लागि माघ २ गते सम्म नाम दर्ता गर्नुपर्ने छ। टीम दर्ताका लागि दर्ता शुल्क २ सय ५० रहेको र माघ ४, ६, ७ र ८ गते क्वालिफाइड राउण्डबाट खेल खेलाईने र उत्कृष्ट १२ जनालाई फाइनमा प्रवेश गराइने खेल संयोजक गज बहादुर गुरुङले जानकारी दिए। महोत्सवको दोश्रो दिन लोक दोहोरी तर्फ चर्चित लोकदोहोरी गायक रबि कार्की र पुरुषोत्तम न्यौपाने संगै कलाकारहरु सबिना गुरुङ, केशव देवकोटा, टस गुरुङ, दुर्गा क्षेत्री रमा गौतम लगायतको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिएका थिए। महोत्सवको तेस्रो दिन बिहीबार लोकदोहोरी तर्फ शान्तिश्री परियार, चोलेन्द्र पौडेल, शिवहरी ढुंगाना, सरस्वती लामिछाने, सन्तोष सुवेदी, पार्वती गुरुङ, रमेश थापा मगर लगायतको प्रस्तुती रहने महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए। साँझको लाइभ कन्सर्ट तर्फ युवाहरुमा चर्चित लाहुरेको प्रस्तुती रहने छ।

महोत्सवमा मुख्य प्रायोजक बेटर होम एपलायन्सको स्टलबाट १ हजार बराबरको सामान खरिद गरेमा १ वटा कुपन प्राप्त गर्न सक्नेछन। महोत्सवमा सामान खरिद गर्ने उपभोक्ताहरु मध्ये तीन जना भाग्यशाली उपभोक्तालाई बेटर एपलायन्सको तर्फबाट प्रथम भाग्यशाली उपभोक्तालाई १ टनको बेटर एसी, दोश्रो भाग्यशाली उपभोक्तालाई १५ लि.भिक्ट्री वाटर डिस्पेन्सर/मोनाको गिजर, तेश्रो भाग्यशाली उपभोक्तालाई बेटर ब्रेथ ९० ग्लासहुड चिम्नी, चौथो भाग्यशाली उपभोक्तालाई रेडियान्ट भ्याकुम क्लिनर र कन्सोलेशन प्राइजमा एमिनेट एयर फ्रायर प्राप्त गर्नेछन। भाग्यशाली उपभोक्ताको घोषणा महोत्सवको अन्तिम दिन गोला प्रथाद्धारा महोत्सवको स्टेजबाट घोषणा गरि पुरस्कृत गरिने प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए। महोत्सवको प्रायोजक बन्दीपुर केबलकार एण्ड टुरिजम प्रा.लि.ले पोखरा महोत्सवमा प्रत्येक दिन ५ जना भाग्यशालीलाई केबलकारको फ्रि टिकट प्रदान गरिनेछ।

# मिथ्या तथा भ्रमपूर्ण सूचना नियन्त्रण गर्न सबै पक्ष सचेत हुनुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३० पुस

पछिल्लो समय डिजिटल माध्यम र सामाजिक सञ्जालको तीव्र प्रयोगसँगै समाजमा मिथ्या तथा भ्रमपूर्ण सूचनाको प्रचार-प्रसार बढ्दै गएको भन्दै त्यसलाई नियन्त्रण गर्न सरोकारवाला सबै पक्ष सचेत र जिम्मेवार हुनुपर्नेमा बुधबार पोखरामा आयोजित एक कार्यक्रमका वक्ताहरूले जोड दिएका छन्।

प्रेस रजिष्ट्रारको कार्यालयको आयोजनामा बुधबार पोखरामा आयोजना भएको "भ्रमपूर्ण तथा मिथ्यापूर्ण सूचना सम्बन्धी सरोकारवाला बीच सचेतना तथा अन्तरक्रिया"कार्यक्रममा सहभागि हुने सरोकारवालाहरुले समय सापेक्ष आएका डिजिडल माध्यम र सामाजिक सञ्जालको शहि प्रयोग र त्यसलाई नियन्त्रण गर्न सबै पक्ष जिम्मेवार हुनैपर्नेमा जोड दिएको थियो। कार्यक्रममा सहभागी सरोकारवाला निकायका पदाधिकारीहरूले डिजिटल प्रविधि र सामाजिक सञ्जालका कारण नकरात्मक सन्देशको प्रचारबाजी बढेको उल्लेख गर्दै यसले समाजमा भ्रमपूर्ण वातावरण सिर्जना गरिरहेको दाबी गर्नुभयो। तथ्य पुष्टि नगरी सामाजिक सञ्जालमा आएको सूचनाको आधारमा छिटो समाचार सम्प्रेषण गर्ने प्रवृत्तिका कारण मूलधारका मिडियाबाट समेत कहिलेकाहीँ मिथ्या सूचना प्रवाह हुने गरेकोप्रति ध्यानाकर्षण समेत गराइएको थियो।

वक्ताहरूले कुनै पनि घटनाबारे समाचार सम्प्रेषण गर्दा सतही सूचनामा भर नपरी वास्तविक तथ्य, भू-धरातलको अवस्था र विवादित पक्षलाई बुझेर सन्तुलित ढंगले समाचार प्रकाशन तथा प्रशारण गर्न आग्रह समेत गर्नु भएको छ। पत्रकार आचारसंहिताको पूर्ण पालना गर्दै जिम्मेवार पत्रकारिताबाट मात्रै समाजमा फैलिँदै गएको भ्रम र मिथ्या सूचना नियन्त्रण गर्न सकिने निष्कर्ष रहेको गण्डकी प्रेस रजिष्टार विमला भण्डारीले बताउनुभयो। यसैबिच, उक्त कार्यक्रममा सम्बोधन गर्दै गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले डिजिटल युगमा सूचना व्यवस्थापन सबैभन्दा ठूलो चुनौती बनेको उल्लेख गर्नुभयो। उहाँले समाजमा सकारात्मक सोच र सही सूचना प्रवाहका लागि मिडिया, सरकार र नागरिक सबैले आ-आफ्नो भूमिकामा जिम्मेवारी वहन गर्नुपर्ने बताउनुभयो। मन्त्री थापाले मिथ्या र भ्रमपूर्ण सूचनाविरुद्ध सचेतना अभिवृद्धि गर्ने यस्ता कार्यक्रमलाई प्रदेश सरकारले समेत प्राथमिकताका साथ समर्थन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। गण्डकी प्रदेश सरकारले प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको पूर्ण सम्मान गर्दै आएको उहाँले उल्लेख गर्नुभयो। न्युमिडिया र युट्यूब पत्रकारितामा संलग्न युवाहरूलाई विशेष सम्बोधन गर्दै उहाँले क्यामेरा र मोबाइल ठूलो शक्ति भएकाले त्यसको उचित ढंगले प्रयोग गर्न आग्रह गर्नुभयो। गण्डकी प्रदेशका प्रमुख सचिव डण्डुराज घिमिरे, सचिव कृष्ण लम्साल, कास्कीका प्रमुख जिल्ला अधिकारी रुदादेवी शर्मा, न्यूनतम पारिश्रमिक समितिका सदस्य बासु मिश्र, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव प्रसाद बराल, गैरसरकारी संस्था महासंघ कास्कीकी अध्यक्ष इन्दिरा पौडेल, वक्ताहरूले यस्ता सचेतनामूलक कार्यक्रम तल्लो तहदेखि राजनीतिक दलका नेतृत्व तहसम्म अझ बढी आवश्यक रहेको बताउनु भएको थियो।

कार्यक्रममा अनुजा काण्ड, ऋतिक रोशन काण्ड, एमालेको अधिवेशनमा सहभागी भएको भनिएको एआईबाट तयार गरिएको फोटो जस्ता उदाहरण उल्लेख गर्दै सामाजिक सञ्जालमा फैलिएका गलत सूचनाका कारण मिडिया समेत चुक्ने अवस्था आएको चर्चा गरिएको थियो। यसबाट पाठ सिक्दै आगामी दिनमा तथ्यपरक र जिम्मेवार पत्रकारितामा जोड दिनुपर्नेमा वक्ताहरूको समान धारणा थियो। कार्यक्रममा स्रोत विज्ञका रूपमा सेन्टर फर मिडिया रिसर्च नेपालका प्रमुख उज्जवल आचार्यले नेपालमा भ्रमपूर्ण र मिथ्यापूर्ण सूचनाको परिचय, अवस्था र बहुआयामिक प्रभाव विषयमा प्रस्तुतीकरण गर्दै डिजिटल साक्षरताको अभावले समस्या जटिल बन्दै गएको बताउनु भयो। बागमती प्रदेशका सञ्चार रजिस्ट्रार रेवती सापकोटाले भ्रमपूर्ण तथा मिथ्यापूर्ण सूचना प्रवाह र मिडियाको भूमिका विषयमा प्रस्तुति दिँदै मिडियाले स्व-नियमन र तथ्य परीक्षणमा विशेष ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो।

गण्डकी प्रेस रजिष्ट्रार विमला भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहभागी वक्ताहरूले मिथ्या सूचना नियन्त्रणका लागि राज्य, मिडिया, नागरिक समाज र आम नागरिकबीच समन्वय र सहकार्य अपरिहार्य रहेको बताउनु भएको थियो।

# स्थानीय पुँजीलाई लगानीमा रूपान्तरण गर्न आवश्यक छ: अध्यक्ष ढकाल

**पोखरापत्र संवाददाता**
बेनी, ३० पुस

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले स्थानीय पुँजीलाई उद्यमशील क्षेत्रमा लगानीको रूपमा रूपान्तरण गर्नुपर्ने बताउनुभएको छ।

म्याग्दी उद्योग वाणिज्य सङ्घ अन्तर्गतको महिला उद्यमविकास समितिको आयोजनामा आजदेखि म्याग्दी सदरमुकाम बेनीमा सुरु भएको '११औं माघे सङ्क्रान्ती मेला', खाना महोत्सव एवं कृषि मेलाको उद्घाटन गर्दै अध्यक्ष ढकालले भन्नुभयो, "हामीले घरेलु पुँजीकै उपयोगबाट धेरै ठूला आयोजना सम्पन्न गर्न सक्छौं, त्यसका लागि मुख्यगरी सम्भावनाको पहिचान र लगानीमैत्री वातावरण जरुरी हुन्छ।" पर्यटन, जलविद्युत्, खानी, लघुउद्यमलगायतका क्षेत्रमा लगानीको सम्भावना रहेको बताउँदै उहाँले म्याग्दीका उद्यमी व्यवसायीले सामूहिक रूपमा उद्यमशील योजना अघि बढाएमा आफूलेसमेत लगानी गर्न तयार रहेको बताउनुभयो। मेला महोत्सवले स्थानीय उत्पादनलाई उपभोक्ता सामु पुऱ्याउन र प्रवर्द्धनमा भूमिका निर्वाह गर्ने गरेको अध्यक्ष ढकालले बताउनुभयो।

माघ ३ गतेसम्म सञ्चालन हुने खाना महोत्सवमा विभिन्न किसिमका प्रतियोगिता सञ्चालन हुने महिला उद्यमविकास समितिका अध्यक्ष अम्बिका श्रेष्ठले जानकारी दिनुभयो।

# मुस्ताङमा ११ हजार ३०० भन्दा बढी मतदाता कायम

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३० पुस

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि हिमाली जिल्ला मुस्ताङमा ११ हजार ३२७ जना मतदाता कायम भएका छन्। तीमध्ये महिला मतदाताको सङ्ख्या पाँच हजार ७६८ र पुरुष मतदाताको सङ्ख्या पाँच हजार ५५९ रहेका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

मुस्ताङका पाँच स्थानीय तहका कूल मतदाता सङ्ख्याको अनुपातमा पुरुष मतदाताको सङ्ख्याभन्दा महिला मतदाताको सङ्ख्या एक दशमलव ८४ प्रतिशत रहेको जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र ज्ञवालीले जानकारी दिनुभयो। यसअघि २०७९ सालमा भएको प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा मुस्ताङका पाँच पालिकामा गरी कूल दश हजार ९५६ जना मतदाता थिए। निर्वाचन अधिकारी ज्ञवालीका अनुसार मुस्ताङको घरपझोङमा १७८, थासाङमा ९०, वारागुङ मुक्तिक्षेत्रमा ९१, लोघेकर दामोदरकुण्डमा नौ र लोमान्थाङ गाउँपालिकामा तीन जना नयाँ मतदाता थपिएका हुन्।

सबै मतदान केन्द्र सडक सञ्जालमा

मुस्ताङका ३९ वटै मतदान केन्द्र तथा मतदानस्थलमा सडकको पहुँच पुगेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। सडकको पहुँच पुगेका अधिकांश मतदान केन्द्र तथा मतदानस्थल कच्ची सडक सञ्जाल विस्तार भएका निर्वाचन अधिकारी ज्ञवालीले बताउनुभयो। निर्वाचन कार्यालयका अनुसार माथिल्लो मुस्ताङको लोमान्थाङस्थित समजुङ मतदान स्थल खारेज गरी लोमान्थाङ-२ छोसेरस्थित दिव्यदीप माध्यमिक मतदान केन्द्रमा गाँभिएको छ। यसैगरी लोघेकर दामोदरकुण्ड-५ याराका मतदातालाई मतदान गर्न सजिलो बनाउने उद्देश्यले उक्त स्थान नजिकै अर्को मतदानस्थल थप गरिएको छ। साङ्ता मतदानस्थल कठिन

मुस्ताङ र डोल्पाको सीमावर्ती गाउँ वारागुङ मुक्तिक्षेत्र-५ अन्तर्गतको साङ्ता गाउँमा मतदानमा खटिने कर्मचारी र सुरक्षाकर्मीका साथै यहाँका मतदातालाई सेताम्मे हिउँले भरिएको सडक पार गरेर काममा खटिन र मतदान गर्न जान पनि असहज हुनसक्ने जिल्ला निर्वाचन अधिकारी ज्ञवालीले बताउनुभयो। गत कात्तिक १० गतेको भारी हिमपातका कारण मुस्ताङको साङ्ता सडक सेताम्मे हिउँका कारण एक महिनाअघिदेखि अवरुद्ध छ। साङ्ता गाउँमा यसअघिको निर्वाचनमा ३४ जना मतदाता थिए। यहाँका नागरिक अहिले जाडो छल्न गाउँ छोडेर फल्याक, धार्काजुङ र जोमसोम गएर बसेका छन्। कतिपय पोखरा र काठमाडौँ झरेका छन्। साङ्ता गाउँका स्थानीय जाडो छल्न पारिलो स्थानमा झरेको गर्मीयाम लागेपछि चैत-वैशाखमा मात्रै साविककै स्थानमा फर्किन्छन्। साङ्ता गाउँका वडासदस्य छिरिङ पाल्साङ गुरुङले गाउँ जाने मुस्ताङ-डोल्पा सडकमा हिउँ जमेर बसेकाले यहाँसम्म पुग्न कठिन हुनसक्ने बताउनुभयो।

हिउँदयामको हिउँ चैत-वैशाखसम्म नपग्लिने भएकाले यहाँका सडकमा डोजरले हिउँ पन्छ्याउन सकेमात्रै सवारीसाधन लैजान सकिने उहाँले जानकारी दिनुभयो। "गाउँका सबै नागरिक अहिले बाहिर छन्, भोट हाल्ने बेलामा पनि फर्किंदैनन् होला। भोट खसाल्न सुरक्षाकर्मी, पार्टी तथा अन्य सरोकार भएका निकायको समन्वयमा मतदाता लैजाने व्यवस्था गर्नुपर्छ", वडासदस्य गुरुङले भन्नुभयो, "फागुनमा पनि हाम्रो गाउँमा अत्यधिक चिसो हुन्छ।"




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्धारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

**सम्पादकीय**

# २७ वर्षको यात्रा

नेपालमा पत्रपत्रिका प्रकाशित भएको इतिहास लामो छैन । पोखरामा पत्रपत्रिका प्रकाशन अन्य शहरको दाँजोमा ढिलो भएको पाइन्छ । पोखरामा २००७ सालको आन्दोलन पछि मात्र पत्रिका प्रकाशित भएको पाइन्छ । त्यो पनि हस्तलिखित हो । पोखरामा २००८ सालमा हस्तलिखितबाट पत्रिका शुरु भएको थियो । निजी क्षेत्रबाट दर्ता गरेर प्रकाशन सुरु २०१५ सालबाट भएको हो । आम चुनावको घोषणा पछि पत्रपत्रिका प्रकाशित भएका हुन । २०१७ साल पौष १ गतेको शाही कु पछि पत्रपत्रिका निस्के पनि जनताको आवाज बन्न सकेनन । राज्यले निकाल्ने र सत्ताको पक्षपोषण गर्ने बाहेकका अरु सबैको ध्येय पञ्चायत ब्यवस्थाको अन्त्य र बहुदलीय प्रजातान्त्रिक ब्यवस्थाको बहालीको लागि थियो ।

पञ्चायतको अन्त्य र प्रजातन्त्रको पुर्नस्थापना पछि व्यावसायिक बन्न प्रयास गरेको हो । बहुदलीय खुला अवस्था पछि बल्ल पत्रकारिता जनताप्रति जवाफदेही बन्नुपर्छ भन्ने मान्यताको विकाश हुदै गएको हो । त्यही परिवेशमा २०५६ साल माघ १ गतेबाट पोखरापत्र दैनिक शुरु भएको हो । विभिन्न आरोह अवरोह पार गर्दै पोखरापत्र २७ वर्ष भएको छ । भर्खरै ब्यावसायिक हुन थालेको बेला द्वन्द्वकाल संक्रमणकाल हुँदै अहिलेको न्यु मिडियाको विकासले गर्दा कहिलेसम्म बाँच्छ भन्ने अवस्था छ । ठूलो माछाले सानो माछालाई खान्छ भने जस्तो अवस्था छ । जनताको आवाज स्थानीय र प्रदेश स्तरका संचारमाध्यमले नै दिन सक्छन् । तिनै संचार माध्यमले राष्ट्रियता र लोकतन्त्रलाई बलियो बनाउन सक्छन् । त्यस्ता संचार माध्यमलाई टिकाउनका लागि स्थानीय तह र प्रदेश सरकारले सघाउनुपर्छ भन्ने मान्यता अझै आउन सकेको छैन् । कागजमा संघीयता आएपनि व्यवहार र मानसिकतामा आउन सकेको छैन् । अझै पनि संघीय सरकारको लोक कल्याणकारी विज्ञापनलाई आधार मान्नुपर्ने अवस्था विद्यमान छ । जवसम्म स्थानीय र प्रदेश सरकारले पत्रपत्रिकालाई संरक्षण गर्ने निति लिन सक्दैन तवसम्म दिर्घायू हुन सक्दैनन् ।

लोकतन्त्र र राष्ट्रियता बलियो हुन सक्दैन । विदेशी दुतावास, नियोग, निश्चित मिसन भएका अन्तर्राष्ट्रिय गैसस र ठूला व्यापारिक कम्पनीले संचार माध्यमलाई आफ्नो प्रभावमा पार्ने काम गर्दै आएको छर्लङ्ग छ । राज्यको संरक्षण नपाउने वाह्य सहयोग नलिने त्यस्ता पत्रपत्रिका र संचार माध्यम जीवन मरणको दोसाँधमा पुगेका छन । अहिलेको कठिन अवस्थामा पनि अनेकौ चुनौतीलाई पार गर्दै पोखरापत्र अहिले टिक्नु नै ठूलो हो। पत्रिकालाई यो अवस्थासम्म ल्याई पुऱ्याउन अहोरात्र खट्ने सहकर्मीको मेहनत, लगनशिलता र ईमान्दारिताको प्रतिफल हो । जसले शुरुका अवस्थामा मेहनत, परिश्रम लगाए त्यसैको जगमा टेकेर हामी यो अवस्थामा आएका हौं । हाम्रा पाठक, विज्ञापनदाता र शुभेच्छुकहरुको मायाले नै हामीलाई अगाडि बढ्न प्रेरित गरिरहेको छ । सूचना प्रविधिको विकाशले गर्दा पत्रपत्रिकालाई अगाडी बढ्न चुनौती खडा भएको छ । हिजोको अवस्थाबाट आज अगाडि बढ्न सहज छैन् । हरेक व्यक्तिले ताजा समाचार सजिलै पाउँने अवस्था प्रविधिले विकाश गरेको छ । एआईले गर्दा धेरैलाई पेसाबाट बिमुख बनाएको छ । प्रविधिसँग सँगसँगै जान नसक्नेले यात्रा परिवर्तन गरेका छन् । अहिलेको खाचो जनतालाई सत्यतथ्य समाचार र समाजलाई अग्रागामी बाटोमा लैजाने विचारको खाचो छ । भ्रामक, गलत र मिथ्या समाचारले धेरैलाई दिग्भ्रमित बनाएको छ । नक्कली एकाउन्ट खोलेर सामाजिक संजालमा गलत, भ्रामक र मिथ्या सूचना समाचारको बाढी आएको छ । जेनजी आन्दोलनमा त्यही भएको विभिन्न अध्ययनले देखाएका छन । चुनावको मुखमा यही समस्याले निर्वाचन आयोगलाई सताएको छ । सरकारले पनि गलत, भ्रामक र मिथ्या सूचनाले समस्या आएको बताएको छ । पाठकले रुचाएको र खोजेका विषय दिन नसक्दा पत्रिका जन्मने र मर्ने पनि भएका छन् । डिजिटल पत्रिका चर्चित र लोकप्रिय बन्दै गएको छ । सामजिक सञ्जालको विकासले गर्दा हरेक कुरा तत्काल थाहा पाउने अवस्थाको विकास भएको छ । संचार क्षेत्रमा आएको परिवर्तनले गर्दा छापा पत्रकारिता क्षेत्रले धेरै चुनौतीको सामना गर्नुपरेको छ । जनताले सही र तथ्ययुक्त समाचार पाउँन अझै सकेका छैनन् ।

पत्रकारिता आवाजहिनको आवाज बन्नुपर्नेमा अझैपनि शास्त्रीय राजनीतिक विषयबस्तुले मात्रै प्राथमिकता पाउने गरेको छ । लोकतन्त्रको प्रतिफल जनताले अनुभुत गर्ने पाएका छैनन् । व्यवस्था फेरिए पनि नेताहरुको प्रवृतिमा परिवर्तन आएको छैन । जनताका सरोकारका विषय संचारमाध्यमले दिनुपर्ने अहिलेको अहम चुनौती हो । स्थानीय र प्रदेश सरकार पनि सामाजिक संजाल संचार माध्यम एउटै ठान्ने र ठूला लगानीका मिडियालाई नै महत्व दिने गरेका छन् । स्थानीय र प्रदेश सरकारको नीति एकातिर व्यवहार अर्कोतिर छ । केन्द्रीकृत मानसिकताका कारण केन्द्रबाट प्रकाशित हुने पत्रिकामा विज्ञापन गरेर प्रदेश र स्थानीय सरकारले करको दुरुपयोग गरेका छन् । अभिजात्य वर्ग, ठूला व्यापारिक घराना, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले संरक्षण पाउने नीतिलाई प्रदेश सरकारले बदल्न सकेका छैनन् । संघीयतालाई वलियो बनाउन र आधारभूत जनताको पक्षमा रहने संचार माध्यमलाई संरक्षण र प्रोत्साहन गर्नु पर्दछ ।

प्रेसलाई नियन्त्रण गर्न खोज्दा लोकतन्त्र बलियो हुन सक्दैन । प्रेस स्वतन्त्र भएमा लोकतन्त्र वलियो हुन्छ । स्वच्छन्दता नेपाली प्रेसले खोजेको होईन । स्वच्छन्दतालाई निहु बनाएर स्वतन्त्रतालाई रोक्नु हुदैन । नेपालको संविधान २०७२ ले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी गरेको छ । प्रेसले स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण बनाउनुपर्नेमा पत्रकारहरुको पेशागत र भौतिक सुरक्षाका साथै संचारमाध्यमलाई संरक्षण र प्रबर्द्धन गर्ने नीति राज्यले नलिएसम्म प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संविधानमा लेखेर मात्र पुग्दैन । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभुति व्यवहारमा देखिनु पर्दछ । त्यसका लागि साना र मझौला संचार माध्यम टिक्ने वातावरण सरकारले बनाइदिनु पर्छ । प्रेसलाई प्रबर्द्धन गर्ने कानुन र नीति सरकारले लिएमा संचार माध्यम सरकार र जनताको बीचमा पुल बन्नेछन् । अहिले प्रेसका सामु खडा भएका थुप्रै चुनौतीका बाबजुद पोखरापत्र यो अवस्थामा ल्याउन हामीलाई पाठक विज्ञापनदाता शुभेच्छुकहरुको माया र स्नेहका कारणले सम्भव भएको हो । हामीलाई अविचलित रुपले अघि बढन प्रेरणा दिने हाम्रा सहकर्मी पाठक, विज्ञापनदाता र शुभेच्छुकहरुप्रति आभार प्रकट गर्दछौं ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | सत्कार मिल्नेछ | तुला | झमेला बढ्ने |
| वृष | अप्रत्यसित लाभ | वृश्चिक | शुभ यात्रा |
| मिथुन | शारीरिक झमेला | धनु | स्वास्थ्यमा सुधार |
| कर्कट | मानसिक तनाब | मकर | आर्थिक समस्या |
| सिंह | ब्यापारमा लाभ | कुम्भ | कार्यमा सफलता |
| कन्या | शत्रुको भय | मीन | सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# किसानको आर्थिक उन्नयनमा भण्डारीको पीएचडी

**पोखरापत्र संवाददाता**
पोखरा, ३० पुस

मुसुक्क हाँस्ने, के छ सर उनको मुख्य गहना, थोरै बोल्न, बोली राखेपनि तर्क संगत गर्ने उनको स्वभाव र अझ सदैव कपाल माथि सर्लक्क पारी आफ्नै लयमा हिँड्ने विष्णुप्रसाद भण्डारीलाई चिन्न यति नै काफी छ ।

स्वभाव फरक देखीएता पनि पढाइमा गहिरो अध्ययन । भीडमा उभिँदा पनि आफूलाई अलग्गै राख्ने सरल स्वभावका भण्डारीले यसपटक भने शैक्षिक क्षेत्रमा ठूलो उपलब्धि हाँसिल गरेका छन् । पृथ्वीनारायण क्याम्पसका उपप्राध्यापक भण्डारीले हालै विद्यावारिधि (पीएचडी) उपाधि प्राप्त गरेका छन् । उनले "नेपालका किसानहरूको सामाजिक–आर्थिक स्तर उकास्न माइक्रोफाइनान्सको योगदान" विषयमा अनुसन्धान गर्दै विद्यावारिधि उपाधि हासिल गरेका हुन् । कास्की र बर्दिया जिल्लामा केन्द्रित यस अध्ययनले ग्रामीण जीवनको वास्तविक चित्र कोरेको छ । जहाँ माइक्रोफाइनान्स सेवाले किसानको आय, बचत, सम्पत्ति, उद्यमशीलता, रोजगारी, आधुनिक कृषि प्रविधि, बजार पहुँच र सामाजिक सशक्तीकरणमा उल्लेखनीय सकारात्मक प्रभाव पारेको देखिन्छ । तर अध्ययन केवल प्रशंसामा सीमित छैन । ग्रामीण किसानहरू अझै पनि अनौपचारिक ऋणमा निर्भर रहेको यथार्थ औंल्याउँदै भण्डारीले ग्रामीण–शहरी असमानता घटाउन नीतिगत सुधार अपरिहार्य रहेको निष्कर्ष निकालेका छन् । यही



सन्तुलित दृष्टिकोणले उनको अनुसन्धानलाई अझै अर्थपूर्ण बनाएको छ । त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति प्राडा केशरजंग बराल र शंकरदेव क्याम्पसका पूर्व क्याम्पस प्रमुख प्राडा केशवराज जोशीको निर्देशनमा सम्पन्न यो अनुसन्धान त्रिवि व्यवस्थापन संकायका डीन प्राडा महानन्द चालिसेको अध्यक्षतामा बसेको संकाय बोर्डबाट अनुमोदन भएको हो । दिल्ली विश्वविद्यालयअन्तर्गत दिल्ली स्कुल अफ इकोनोमिक्सका पूर्व डीन प्राडा सी.पी. गुप्तासहितको मूल्यांकन समितिले उनलाई विद्यावारिधि उपाधि प्रदान गरेको हो । पोखरा महानगरपालिका वडा नं २३, ठूलाखेत निवासी भण्डारी केवल कक्षाकोठामा सीमित व्यक्ति होइनन् । नेपाल रेडक्रस सोसाइटी युवा समिति कास्कीका पूर्व अध्यक्षसमेत रहेका उनी विभिन्न शैक्षिक तथा सामाजिक संघसंस्थामा सक्रिय छन् । उनी पोखरा ४ स्थित लेकसिटी कलेजमा गेष्ट लेक्चर हुन् । केही वर्ष पहिला पत्रकारितामा समेत कलम चलाएका भण्डारी समाजका प्रश्नहरूलाई नजिकबाट बुझ्ने अध्येता हुन् ।

# बेनीमा आजदेखि 'खाना महोत्सव'

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० पुस

माघेसङ्क्रान्ति पर्वको अवसरमा आजदेखि जिल्ला सदरमुकाम बेनीमा खाना होत्सव एवं कृषि मेला प्रदर्शनी सुरु हुँदैछ ।

म्याग्दी उद्योग वाणिज्य सङ्घअन्तर्गतको महिला उद्यम विकास समितिले यही आजदेखि माघ ३ गतेसम्म ११औं माघेसङ्क्रान्ति मेला, खाना महोत्सव र कृषि मेला प्रदर्शनी आयोजना गरेको हो । बेनीमा परम्परागत रूपमा लाग्ने माघेसङ्क्रान्ति मेलाको संरक्षण, पुस्तान्तरण तथा कला, संस्कृतिको प्रवर्द्धन गर्ने, स्थानीय खाना, कला, मौलिक संस्कृतिको संरक्षण र सम्वर्द्धन, आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धन, प्रतिभा पहिचानका साथै आर्थिक गतिविधिलाई चलायमान बनाउने उद्देश्यले महोत्सव आयोजना गरिएको समितिका सभापति अम्बिका श्रेष्ठले जानकारी दिनुभयो ।

स्थानीय उद्यमी, कृषक र औद्योगिक उत्पादनका ५० वटा कक्ष (स्टल) रहने महोत्सवमा खाना खाने, पेन्टिङ, लोक नृत्य, कृषि तथा पशुजन्य वस्तुको प्रदर्शनी, परम्परागत खेल, झाँकीको साथै कलाकारहरूको साङ्गीतिक प्रस्तुति रहने उहाँले जानकारी दिनुभयो । महिला उद्यमीहरूबीच बच्चाको टोपी, दुनाटपरी र बाटेको धुप बनाउने प्रतियोगिता आयोजना गरिएको छ । कृषि विकास कार्यालयले फलफूल, तरकारी, खाद्यबाली




र भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले पशुपंक्षी प्रर्दशनी गर्ने भएका छन् । महोत्सवमा स्थानीय उत्पादनको निःशुल्क प्रदर्शनीको व्यवस्था मिलाएको जिल्लास्थित उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठले बताउनुभयो ।

महोत्सवको नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले उद्घाटन गर्नुहुने जनाइएको छ । महोत्सव उद्घाटन अघि बेनीमा सांस्कृतिक झाँकीसहितको ऱ्याली निकालिने तयारी भएको छ । महोत्सव सञ्चालनका लागि रु २१ लाख २५ हजार खर्च हुने अनुमान गरिएको छ । कक्ष भाडा, प्रायोजक र सहयोगमार्फत आर्थिक सहयोग जुटाएर निःशुल्क महोत्सव अवलोकनको व्यवस्था मिलाइएको महिला उद्यम विकास समितिका महासचिव प्रमिला जोशी श्रेष्ठले बताउनुभयो । कक्ष निर्माणका साथै सुरक्षा निकाय र प्रशासनसँग समन्वय गरेर सुरक्षाको तयारी पनि गरिएको जनाउँदै उहाँले मेलालाई म्याग्दीको साझा कार्यक्रम बनाइएको बताउनुभयो। म्याग्दी उद्योग वाणिज्य सङ्घले हरेक तीन/तीन वर्षमा महोत्सव आयोजना गर्दै आएको छ । सङ्घअन्तर्गतको महिला उद्यम विकास समितिले महोत्सव नहुँदाको वर्ष माघेसङ्क्रान्ति मेला सञ्चालन गर्दै आएको छ ।

म्याग्दीमा बाहुल्य बसोबास रहेको मगर समुदायले माघे र साउने सङ्क्रान्ति पर्वलाई विशेष महत्वका साथ मनाउने गर्दछन् । अल्पसङ्ख्यक छन्त्याल समुदायको सबैभन्दा ठूलो पर्व पनि माघेसङ्क्रान्ति हो । साउन सङ्क्रान्तिलाई हिउँद र माघेसङ्क्रान्तिलाई वर्खा सुरु हुने दिनका रूपमा मगर समुदायले धुमधामका साथ मनाउने चलन छ । म्याग्दी र कालीगण्डकी नदीको दोभानमा रहेको जिल्ला सदरमुकाम बेनी बजारमा २०० वर्षअघि बस्ती बसेदेखि नै माघेसङ्क्रान्ति पर्वको अवसरमा मेला लाग्ने गरेको स्थानीय ज्येष्ठ नागरिक बताउँछन् ।

# देवघाटमा माघेसङ्क्रान्ति मेलाको तयारी पूरा

**पोखरापत्र संवाददाता**
दमौली, ३० पुस

माघेसङ्क्रान्तिको अवसरमा देवघाटधाममा लाग्ने मेलाको सम्पूर्ण तयारी पूरा भएको छ । तनहुँ, चितवन र नवलपुरलाई जोड्ने त्रिशूली र कालीगण्डकीको सङ्गम रहेको पवित्र धार्मिक तीर्थस्थल देवघाटधाममा माघेसङ्क्रान्तिमा ठूलो मेला लाग्ने गर्दछ ।

देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक सदन बरालले मेलाको सम्पूर्ण तयारी सकिएको जानकारी दिँदै यस वर्ष तीन लाखले मेला भर्ने अनुमान गरिएको उल्लेख गर्नुभयो । ज्योतिषीय गणना अनुसार सूर्य धनु राशीबाट मकर राशीमा प्रवेश गरेको दिनलाई मकर सङ्क्रान्ति (माघे सङ्क्रान्ति) भनिन्छ । माघ महिनाभर देवघाटधाममा स्नान गर्नाले धार्मिक पुण्य प्राप्ति हुने मान्यता र जनविश्वास रहिआएको बरालले बताउनुभयो ।

साथै पवित्र त्रिशूली नदी र कालीगण्डकी नदीको देवघाटमा मिलन पनि मकर सङ्क्रान्तिको दिन भएको विश्वास रहिआएको उहाँले उल्लेख गर्नुभयो । मेलाअवधिमा सवारीसाधन चितवनको रामनगर हुँदै देवघाट वा रामनगर–ठिमुरा हुँदै देवघाट वा दासढुङ्गा भएर देवघाटबाट प्रवेश गर्ने र फर्कदा देवघाट–बागेश्वरी हुँदै आँपटारी भएर फर्कने व्यवस्था मिलाइएको बरालले जानकारी दिनुभयो । नवलपुरतर्फका भक्तजनहरू हर्दीको कालीगण्डकीको पुल तरेर देवघाट आउन सक्छन् । साथै मुग्लिनतर्फबाट देवघाट आउने सवारीसाधनलाई दासढुङ्गाबाट सिँधै देवघाटधाम प्रवेश गर्ने र फर्कदा सोही बाटोबाट फर्किने व्यवस्था मिलाइएको छ । चिवनतर्फबाट आउने सवारीसाधनको पार्किङका लागि साना सवारीसाधनलाई सीताराम संस्कृत माविको परिसरभित्र व्यवस्था मिलाइएको छ भने ठूला सवारीसाधन (बस, मिनीबस, माइक्रो) आदिका लागि दाहसंस्कार स्थल प्रवेशद्वार (चन्द्रलोक स्वर्गद्वार) बाट उत्तर–पूर्वक्षेत्रमा रहेको बसपार्कमा पार्किङको व्यवस्था मिलाइएको बरालले जानकारी दिनुभयो ।

तनहुँतर्फ पैदल मार्गबाट प्रवेश गर्दा पुलको मुख, हरिहर चोक, हरिहर मन्दिर, गलेश्वर चोक हुँदै वेणीसङ्गम र फर्कदा वेणीसङ्गम, गलेश्वर आश्रम, गलेश्वर चोक, चक्रवर्ती मन्दिर, महेश सन्यास आश्रम, टाउन चोक, हरिहर चोक हुँदै पुलको मुख निस्कने मार्ग कायम गरिएको छ । देवघाट क्षेत्र विकास समितिले तीर्थयात्रीको यात्रा सरल, सहज, सुविधाजनक र सुरक्षित होस् भन्ने उद्देश्यले तनहुँ, चितवन र नवलपुरका प्रमुख जिल्ला अधिकारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, भरतपुर महानगरपालिकाका प्रमुखसँग समन्वय गरेको समितिका अध्यक्ष डा ईश्वरीराज लौडारीले जानकारी दिनुभयो । उक्त दिन तीन सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिनेछ । तीर्थस्थलमा धुम्रपान, मांस, मदिरा एवं सुर्तीजन्यपदार्थ निषेध गरिएको छ । ती वस्तुहरू बिक्रीवितरण, ओसारपसार तथा सेवन नगरी सहयोग पुऱ्याउन समितिका अध्यक्ष डा लौडारीले आग्रह गर्नुभयो । "वेणीमा स्नान गर्ने क्षेत्रलाई डोरी लगाएर छुट्याइएको छ । सो क्षेत्रभन्दा बाहिर गहिरोमा गएर नुहाउन खतरा हुने सङ्केत दिइएको छ", उहाँले भन्नुभयो । आज बिहान देवघाटधामका विभिन्न आश्रमका पीठाधीशहरूको उपस्थितिमा धार्मिक विधि अनुसार वेणीसङ्गममा लिङ्गो गाडेर मेलाको शुभारम्भ गरिने समितिले जनाएको छ ।

# मनास्लु क्षेत्रमा ड्रोनमार्फत निगरानी

**पोखरापत्र संवाददाता**
गोरखा, ३० पुस

मनास्लु क्षेत्रमा बढ्दो आगलागी नियन्त्रण गर्न ड्रोनमार्फत निगरानी सुरु गरिएको छ । मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप)ले ड्रोनमार्फत निगरानी सुरु गरेको हो ।

चुमनुब्री गाउँपालिका–३ स्थित नाक्चेत, घट्टेखोलालगायत क्षेत्रमा वन डढेलो बढेपछि ड्रोनमार्फत निगरानी सुरु गरिएको मनास्लु संरक्षण क्षेत्र आयोजनाका फिल्ड अफिसर भुवन ओझाले जानकारी दिनुभयो । डढेलोले संरक्षण क्षेत्रभित्रका वन्यजन्तु, जैविक विविधता, मानव स्वास्थ्य तथा वातावरणमै गम्भीर असर पुऱ्याउने भएकाले नियन्त्रण गर्न जरुरी रहेको उहाँले बताउनुभयो । "केही समयदेखि सिर्दिबासलगायत आसपासको क्षेत्रमा दैनिकजसो आगलागीका घटना बढिरहेका छन् । त्यसैले हामीले ड्रोनको प्रयोग गरी निगरानी सुरु गरेका हौँ", उहाँले भन्नुभयो, "यहाँ एक ठाउँबाट अर्को ठाउँसम्म पुग्न तीनचार घण्टा पैदल हिँड्नुपर्ने बाध्यता छ । ड्रोनको प्रयोग गरेपछि एकठाउँमा बसेर आगलागी भएको क्षेत्र हेर्न मिल्ने भयो, त्यहाँको अवस्था बुझ्न पनि सजिलो भयो ।"

# शुक्लागण्डकी तीन जनाको हत्या प्रकरणः एक जना पक्राउ

**पोखरापत्र संवाददाता**
दमौली, ३० पुस

तनहुँको शुक्लागण्डकी नगरपालिका–५ बेलचौतारा कसेरीघाटस्थित फोहरमैला प्रशोधन केन्द्रमा तीन जनाको हत्या प्रकरणमा एक जना पक्राउ परेका छन् ।

शनिबार कसेरीघाटमा तीन जना मृतावस्थामा फेला परेका थिए । उक्त प्रकरणमा प्रहरीले मङ्गलबार एक जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभयो । पक्राउ परेकाले हत्या स्वीकार गरेको र थप अनुसन्धान भइरहेको उहाँले बताउनुभयो । पक्राउ परेका ती व्यक्ति फोहरमैला प्रशोधन केन्द्र गइरहने प्रहरीले जनाएको छ ।

मृत भेटिएका शुक्लागण्डकी नगरपालिका–११ का ४१ वर्षीय नारायण विक र भिमाद नगरपालिका–८ भागरका ५८ वर्षीया देउमाया थापाको सनाखत भएको छभने अर्का एक जनाको पहिचान खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, पाटनवेशी बहुउद्देश्यीय भवन निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः पाटनवेशी बहुउद्देश्यीय भवन निर्माण
ठेगानाः पोखरा–१३
योजना सुरु हुने मितिः २०८२/०७/२१ गते
योजना सम्पन्न हुने मितिः २०८२/०९/२० गते
योजना सम्पन्न भएको मितिः २०८२/०९/०१ गते
योजनाको कुल लागतः रु. १०,००,०००।–
महानगरपालिकाबाटः रु. ९,००,०००।–
जनसहभागिताबाटः रु. १,००,०००।–
उपभोक्ता समिति अध्यक्षः भिमसेन क्षेत्री
सम्पर्क नं.: ९८५६०१३०००
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २ पुरुषः ५ जना

**पाटनवेशी बहुउद्देश्यीय भवन निर्माण उपभोक्ता समिति पोखरा-१३**

# ऐतिहासिक ढुङ्गेसाँघु-माघेसङ्क्रान्ति मेलाको सांस्कृतिक विरासत

जमुना वर्षा शर्मा
पोखरा, ३० पुस/रासस



"ढुङ्गे साँघुको मेलामा... भेट भएको बेलामा" देउराली ब्याण्डको यो कालजयी लोकपप गीतले धेरैलाई 'नोस्टाल्जिक' बनाउँछ।

तर यो गीतका शब्दमा मात्र सीमित छैन, पोखरा महानगरपालिका-१७ महतगौंडास्थित सेती नदीको किनारमा रहेको ढुङ्गेसाँघुले पोखराको आदिम इतिहास, भूगोल र धार्मिक आस्थाको एक विशाल कालखण्ड पनि बोकेको छ। हरेक वर्ष माघ १ गते लाग्ने माघेसङ्क्रान्ति मेला यहाँको केवल उत्सव मात्र होइन यो त पुर्खाको सभ्यता र प्रकृतिको अद्भुत 'इन्जिनियरिङ'को कला पनि हो।

सेती नदीको गहिरो खोँचमाथि एउटै विशाल शिलामा प्राकृतिक रूपमा तेर्सिएर बनेको यो साँघु मानवीय श्रमबिनै निर्मित एक अद्भुत सेतु हो। आधुनिक सिमेन्ट र फलामे पुलहरू बन्नुअघि निर्मलपोखरी, भरतपोखरी र कास्कीका दक्षिणी भेगका बासिन्दाका लागि पोखरा बजार छिर्ने मुख्य गौँडाका रुपमा यो परिचित थियो। यसले पोखरा महानगरपालिका वडा नं १५ र १७ लाई जोड्छ।

हिन्दूशास्त्रअनुसार माघ १ गते सूर्य धनुबाट मकर राशिमा प्रवेश गरी उत्तरायण सुरु हुने अत्यन्तै शुभ दिन हो, जसलाई 'देवताहरूको दिन' को आरम्भ मानिन्छ। यस दिन बिहानैदेखि ढुङ्गेसाँघुमा श्रद्धालुहरूको घुइँचो लाग्छ। पवित्र सेतीमा मकर स्नान गर्दा पाप पखालिने र पुण्य मिल्ने विश्वासका साथ हजारौँ भक्तजन यहाँ आउँछन्। पहिले-पहिले मेला तीन दिनसम्म चल्थ्यो।

बजार विस्तार नभएको समयमा कास्की र आसपासका जिल्लाबाट मानिसहरू वर्षभरि आवश्यक घरायसी सामग्री खरिद गर्न यहाँसम्म आउँथे। आज सुरक्षा र ठाउँको अभावका कारण मेला एक दिनमै सीमित भए पनि यसको रौनक भने बढिरहेको स्थानीय लोकराज कोइराला बताउनुहुन्छ। ऐतिहासिक दस्तावेजका आधारमा मेलाको ठ्याक्कै सुरुआत मिति नखुले पनि विक्रम संवत् १८६४ तिरका प्रमाणहरूले यसको प्राचीनता पुष्टि गर्ने सदा शिवजी सिद्धेश्वर हरिहर मन्दिर समितिका अध्यक्ष एवं महोत्सव मुल समारोह समिति संयोजक नरेन्द्र भण्डारी बताउनुहुन्छ। "ढुङ्गेसाँघुको सम्बन्ध केवल भूगोलसँग मात्र होइन त्रेता युगसँग जोडिएको जनश्रुतिसँग पनि गाँसिएको छ।

धार्मिक विश्वासअनुसार भगवान राम र सीता वनवासका क्रममा यही बाटो हिँडेको र सीता माताले सेती नदी तर्न यही ढुङ्गाको प्रयोग गरेका कारण 'सीता पाइला' नामाकरण गरिएको भन्ने जनश्रुति छ", भण्डारीले भन्नुभयो, "यहाँ आज पनि राम-सीता बसेको विश्वास गरिने चौतारीमा एउटै वृक्ष भएर झाँगिएका वर-पीपल देख्न सकिन्छ।" भजन-कीर्तन, मौलिक लोक संस्कृति र आधुनिक कलाको सम्मिश्रणले मेलालाई जीवन्त बनाउँदै लगेको र स्थानीय कला र संस्कृतिको संरक्षण गर्दै प्रकृतिको यो अनुपम उपहारलाई विश्वमाझ चिनाउन ढुङ्गेसाँघु मेलाले महत्वपूर्ण भूमिका खेलिरहेको संयोजक भण्डारीको भनाइ छ। उहाँका अनुसार सीतापाइलास्थित करिब ६५० वर्ष पूरानो इतिहास बोकेको हरिहर मन्दिर, १०८ शिवलिङ्ग, १०८ गौमुखी जलधारा, अकला माताको मन्दिर, शुक्ला गण्डकीको स्नान-दर्शन, हरिहर कुण्डको दर्शनजस्ता धर्मसंस्कृतिसँग जोडिएका ऐतिहासिक सम्पदाका कारण यस क्षेत्रको गरिमा र महिमा बढेको हो। यहाँ रहेका १०१ हवन कुण्डमध्ये इतिहासको रूपमा मुख्य एक कुण्ड हरिहर भगवानको छत्रछायाँमा रहेको छ। संसारकै गुप्त तीर्थ मानिने यस क्षेत्रमा आठ हात भएका हरिहर भगवान्को दुर्लभ मूर्ति, बेला-मौकामा जीवको दर्शन हुने बताइन्छ। २०४९ सालमा योगी नरहरिनाथ गुरुबाट सम्पन्न कोटिहवनको स्मृति बोकेको यस पवित्रभूमिमा ऐतिहासिक गण्डकी शतकुण्डीय गायत्री कोटिहवन विराट ज्ञान महायज्ञ सम्पन्न भएको थियो। यस किसिमको पवित्र भूमि यसै क्षेत्रस्थित हरिहर मन्दिरको स्वामित्वमा रहेको छ। विभिन्न कालखण्डमा ठूला-ठूला सन्त-महात्माको आगमन भएको यो स्थल मकर सङ्क्रान्ति (माघ १) मा विशेष मेलाका लागि प्रसिद्ध हुँदै गएको हो।

पोखरा महानगरपालिका-१७ की अध्यक्ष राधिका शाही योगी ढुङ्गेसाँघु मेलाले पोखराको धार्मिक पर्यटनलाई नयाँ उचाइ दिन सफल भएको बताउनुहुन्छ। अध्यक्ष शाहीले भन्नुभयो, "पुर्खौली सभ्यताको संरक्षण मात्र होइन, यो मेला पोखराको पहिचान पनि हो। पहिला व्यापारको मुख्य थलो रहेको स्थान चट्टानी बनावट र सेतीको सुसेलीसँगै आकर्षक धार्मिक र प्राकृतिक पर्यटकीय गन्तव्यमा रूपान्तरित भएको छ, यसको व्यापकरुपमा प्रचारप्रसार हुन आवश्यक छ।"

शाहीले ढुङ्गेसाँघुको मेला धार्मिक र आर्थिक गतिविधिसँगै विभिन्न जात-जाति, भाषाभाषी र समुदायका मानिसहरू एकै ठाउँ भेला भएर उत्सव मनाउने थलोको रुपमा विकसित भएको उहँले बताउनुभयो। धार्मिक मान्यताअनुसार भगवान श्रीराम र माता सीताले स्नान तथा दर्शन गरेको स्थान, संसारकै दोस्रो प्राकृतिक ढुङ्गेसाँघुको पुल जसले सिद्धेश्वर हरिहर क्षेत्रलाई धार्मिक पर्यटनको महत्वपूर्ण गन्तव्य बनाएको छ। प्रकृति र संस्कृतिको अद्भूत सङ्गम रहेको ढुङ्गेसाँघु पोखराको एक जीवित सङ्ग्रहालय भएको र यस्ता ऐतिहासिक, प्राकृतिक र धार्मिक सम्पदाको संरक्षण हाम्रो साझा दायित्व भएको उहाँको भनाइ छ।

मेलाको अर्को विशेषता परम्परागत फलामे औजारहरूको प्रदर्शनी र बिक्री हो। बागलुङ्ग पर्वत, स्याङ्जा, बुटवल, धादिङ, म्याग्दी र कास्कीलगायत विभिन्न स्थानबाट आएका शिल्पकारहरूले हातले बनाएका आँसी, दाउ, कुटो, कोदालो, बञ्चरो, बाउसोको फाली, दिउरी र कराई बिक्रीका लागि ल्याउँछन्। आधुनिक उपकरणको युगमा पनि यी हस्तनिर्मित बलिया औजारप्रति आकर्षण कायम छ। यससँगै तरुल, सखरखण्ड, घ्यू र चाकुजस्ता मौसमी खाद्य पदार्थको व्यापार पनि व्यापक हुन्छ। डोको, डालो र नाम्लोजस्ता स्थानीय उत्पादनको बिक्रीबाट ग्रामीण अर्थतन्त्रलाई पोखराको बजारसँग जोड्ने मेलाले सेतुको भूमिको निर्वाह गर्दै आएको छ। विभिन्न खेल प्रतियोगिता, कृषिउपजलगायतका प्रदर्शनी बिक्रीवितरणले पनि ऐतिहासिक, धार्मिक, आर्थिक, सांस्कृतिक र पर्यटकीय गन्तव्यको रुपमा ढुङ्गेसाँघु प्रसिद्ध बनेको छ।

# पोखरा महोत्सवमा मौलिक खेल छेलो/ठेलो प्रतियोगिता हुने

रासस
काठमाडौं, ३० पुस

पोखराको अमरसिंह खेल मैदानमा जारी १४ औं पोखरा महोत्सवमा परम्परागत मौलिक खेल छेलो/ठेलो प्रतियोगिताको आयोजना हुने भएको छ। गण्डकी प्रदेशमा लोकप्रिय परम्परागत उक्त खेलको प्रवर्द्धन तथा संरक्षण गर्ने उद्देश्यले उक्त प्रतियोगिताको आयोजना गर्न लागिएको हो।

माघ ४ देखि ९ गते सम्म सञ्चालन हुने उक्त प्रतियोगितामा प्रथम हुनेले नगद ४० हजार, द्धितिय हुनेले नगद २५ हजार र तृतीय हुनेले नगद १० हजार प्राप्त गर्ने प्रतियोगिता संयोजक गणेश खड्काले जानकारी दिए। संयोजक खड्काका अनुसार प्रतियोगितामा भाग लिनका लागि माघ २ गते सम्म नाम दर्ता गर्नुपर्ने छ। टीम दर्ताका लागि दर्ता शुल्क २ सय ५० रहेको र माघ ४, ६, ७ र ८ गते क्वालिफाइड राउण्डबाट खेल खेलाईने र उत्कृष्ट १२ जनालाई फाइनमा प्रवेश गराइने खेल संयोजक गज बहादुर गुरुङले जानकारी दिए। महोत्सवको दोश्रो दिन लोक दोहोरी तर्फ चर्चित लोकदोहोरी गायक रबि कार्की र पुरुषोत्तम न्यौपाने संगै कलाकारहरु सबिना गुरुङ, केशव देवकोटा, टस गुरुङ, दुर्गा क्षेत्री रमा गौतम लगायतको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिएका थिए।

महोत्सवको तेस्रो दिन बिहीबार लोकदोहोरी तर्फ शान्तिश्री परियार, चोलेन्द्र पौडेल, शिवहरी ढुंगाना, सरस्वती लामिछाने, सन्तोष सुवेदी, पार्वती गुरुङ, रमेश थापा मगर लगायतको प्रस्तुती रहने महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए। साँझको लाइभ कन्सर्ट तर्फ युवाहरुमा चर्चित लाहुरेको प्रस्तुती रहने छ। महोत्सवमा मुख्य प्रायोजक बेटर होम एपलायन्सको स्टलबाट १ हजार बराबरको सामान खरिद गरेमा १ वटा कुपन प्राप्त गर्न सक्नेछन।

महोत्सवमा सामान खरिद गर्ने उपभोक्ताहरु मध्ये तीन जना भाग्यशाली उपभोक्तालाई बेटर एपलायन्सको तर्फबाट प्रथम भाग्यशाली उपभोक्तालाई १ टनको बेटर एसी, दोश्रो भाग्यशाली उपभोक्तालाई १५ लि.भिक्ट्री वाटर डिस्पेन्सर/मोनाको गिजर, तेश्रो भाग्यशाली उपभोक्तालाई बेटर ब्रेथ ९० ग्लासहुड चिम्नी, चौथौ भाग्यशाली उपभोक्तालाई रेडियान्ट भ्याकुम क्लिनर र कन्सोलेशन प्राइजमा एमिनेट एयर फ्रायर प्राप्त गर्नेछन। भाग्यशाली उपभोक्ताको घोषणा महोत्सवको अन्तिम दिन गोला प्रथाद्धारा महोत्सवको स्टेजबाट घोषणा गरि पुरस्कृत गरिने प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए। महोत्सवको प्रायोजक बन्दीपुर केबलकार एण्ड टुरिजम प्रा.लि.ले पोखरा महोत्सवमा प्रत्येक दिन ५ जना भाग्यशालीलाई केबलकारको फ्रि टिकट प्रदान गरिनेछ। महोत्सवको प्रायोजक भिजन लिंक एजुकेशन कन्सल्टेन्सीप्रा.लि.लेमहोत्सवमा राखिने स्टलमा भर्ना हुने विद्यार्थीहरुलाई भाषा कक्षामा ५० प्रतिशत छुट र गिफ्ट ह्याम्पर साथै गोलाप्रथाको माध्यमबाट दैनिक एकजनालाई निशुल्क भाषा कक्षाको अवसर प्रदान गर्नेछन।

ग्रुमिङ पार्टनरमा रहेको बबि ब्यूटी सलुन एण्ड ट्रेनिङ सेन्टरले महोत्सव अवधिभर महोत्सवको टिकट लिएर ब्यूटिसियन कोर्स तथा सर्भिस लिन आउने विद्यार्थी तथा ग्राहकहरुलाई ३० प्रतिशत छुट प्राप्त गर्नेछन। फुड पार्टनरमा रहेको पोखरा सेकुवा घरले महोत्सवको टिकटको अर्धकट्टी साथमा लिएर गएमा पोखरा सेकुवा घरको फुड आइटममा १० प्रतिशत छुट पाउनेछन। महोत्सवमा कान्तिपुर डेण्टल हस्पिटलले दैनिक निःशुल्क दातको स्क्रीनिङ गर्नेछ। महोत्सवमा आयोजना हुने टिकटक प्रतियोगितामा लाइकको आधारले प्रथम हुनेलाई आशिष इन्स्टीच्युट प्रालिको तर्फबाट नगद २५ हजार रुपैया पुरस्कार प्राप्त गर्नेछन। महोत्सवको टिकट अनलाईन बाट रेभल एप मार्फत समेत बुकिङ गर्न सक्ने प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

# दिवंगत अभिभावकको स्मृतिमा अक्षयकोष स्थापना

पोखरापत्र संवाददाता
म्याग्दी, ३० पुस

सामाजिक, शैक्षिक र राजनीतिक क्षेत्रमा योगदान गर्ने व्यक्तित्वहरूलाई पुरस्कृत तथा सम्मान गर्न बेनीका एक परिवारले दिवङ्गत अभिभावकको स्मृतिमा अक्षयकोष स्थापना गर्नुभएको छ।

बेनी नगरपालिका-७ का स्वर्गीय पुतलीदेवी र लक्ष्मीप्रसाद श्रेष्ठका स्मृतिमा उहाँका छोराछोरी र बुहारीले रु पाँच लाखको अक्षयकोष स्थापना गर्नुभयो।

सञ्जयकुमार-सानुहरी श्रेष्ठ, अजयमिलन-सृजना श्रेष्ठ, हृदयकुमार-पद्या श्रेष्ठ, सुनितादेवी-रामलाल श्रेष्ठ, धनञ्जयकुमार-सन्ध्या श्रेष्ठ र विनय-कल्पना श्रेष्ठले स्थापना गर्नुभएको कोषबाट हरेक वर्ष जिल्लामा सामाजिक, शैक्षिक र राजनीतिक क्षेत्रमा योगदान गर्ने व्यक्तित्वहरूलाई पुरस्कृत तथा सम्मान गरिने भएको छ।

यस वर्ष जिल्लामा उल्लेखनीय भूमिका निर्वाह गर्नुभएका शिक्षाप्रेमी समाजसेवी गोपालनारायण भट्टचन, भीमप्रसाद गौचन र शिवनारायण फगामीलाई अनिनन्दन गरिने मङ्गलबार श्रेष्ठ परिवारले घोषणा गर्नुभएको छ।

बेनीको प्रकाश माविका जग्गादाता, बेनी सामुदायिक माविको संस्थापक व्यवस्थापन समिति अध्यक्ष, रुममा लालीगुराँस खेलकुद विकास समिति गठन साथै विभिन्न सामाजिक र संस्कृति संरक्षणको क्षेत्रमा योगदान गर्नुभएका स्वर्गीय लक्ष्मीप्रसाद र पुतलीदेवीको सामाजिक क्षेत्रमा काम गर्ने भावनाबाट प्रभावित भएर उहाँहरूको स्मृतिमा अक्षयकोष स्थापना गरेको जेठा छोरा सञ्जय श्रेष्ठले बताउनुभयो। पुतलीदेवीको २०५९ पुस १८ र लक्ष्मीप्रसादको २०६५ पुस २९ गते निधन भएको थियो।

# हाफ म्याराथनको उपाधि गुरुङलाई

पोखरापत्र संवाददाता
दमौली, ३० पुस




व्यास नगरपालिका-६ बाह्रबिसे युवा क्लबले आज आयोजना गरेको व्यासगुफा-गलेखामकोट अल्ट्रा हाफ म्याराथनको उपाधि आँबुखैरेनीका सनम गुरुङले जित्नुभएको छ। चौतीस धावकलाई पछाडि पार्दै व्यास-३ व्यास गुफादेखि व्यास-६ गलेखामकोटसम्मको २१ किलोमिटर दूरीको म्याराथनमा गुरुङ प्रथम हुनुभएको हो।

म्याराथनमा शुक्लागण्डकी नगरपालिकाका टोपबहादुर कुमाल द्वितीय र भानु नगरपालिकाका आदित्य जिसी तृतीय हुनुभएको छ। विजेतालाई क्रमशः रु ३५ हजार, रु २५ हजार र रु १५ हजार पुरस्कार प्रदान गरिएको क्लबका अध्यक्ष ज्ञानबहादुर गुरुङले जानकारी दिनुभयो। दुई धार्मिक तथा पर्यटकीय स्थल व्यासगुफा र गलेखामकोटलाई खेलकुदको माध्यमबाट जोड्ने र दुवै ठाउँको पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यसहित हाफ म्याराथन गरिएको उहाँले जानकारी दिनुभयो। व्यासका नगर प्रमुख वैकुण्ठ न्यौपानेले खेलकुदले दुई ठाउँको धार्मिक पर्यटन प्रचारप्रसारमा सहयोग पुग्ने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "व्यास गुफा महत्वपूर्ण धार्मिकस्थल हो, गलेखामकोट धार्मिक र ऐतिहासिक हिसाबले महत्वपूर्ण कोट हो, त्यसको विकास र प्रवर्द्धनका लागि जुटेका छौं।" म्याराथनले गलेखामकोटसम्म भावनात्मक हिसाबले सम्बन्ध जोड्न सहयोग पुगेको बताउँदै नगरप्रमुख न्यौपानेले गलेखामकोटको थप प्रचारप्रसार गर्न सबै पक्ष लाग्नुपर्नेमा जोड दिनुभयो। नगरपालिकाले माघ १६ गते मानुङकोटदेखि पुलिमराङसम्म अल्ट्रा म्याराथन आयोजना गर्न लागेको बताउँदै नगरप्रमुख न्यौपानेले खेललाई पर्यटनसँग जोडेर जानुपर्ने धारणा राख्नुभयो। व्यास-६ का वडाध्यक्ष एवं नगर खेलकुद विकास समितिका अध्यक्ष जीवन गुरुङले गलेखामकोटलाई पर्यटकीय हिसावले विकास गर्ने उद्धेश्यसहित म्याराथन आयोजना गरिएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "यसले भोलिका दिनमा व्यास-६ लाई अगाडि बढाउन सहयोग पुग्नेछ। यसलाई पर्यटकीय हिसावले विकास गर्न सकिए स्थानीयको आर्थिक सवलीकरणमा टेवा पुग्नेछ।" यसैबीच क्लबले भोलिदेखि वडा स्तरीय भलिबल प्रतियोगितासमेत आयोजना गरेको छ। भलिबल प्रतियोगितामा विजेतालाई रु ४० हजार, ट्रफी र मेडल तथा उपविजेतालाई रु २५ हजार, ट्रफी र मेडल प्रदान गरिनेछ। यस्तै सेमिफाइनल पुग्ने दुई टोलीलाई जनही रु १० हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ। गलेखामकोट समुन्द्री सतहबाट एक हजार ३०० मिटर उचाइमा अवस्थित छ। यहाँबाट जिल्लाकै व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका र लमजुङको मध्यनेपाल नगरपालिकाका केही भाग देख्न सकिन्छ। पृथ्वीराजमार्ग अन्तर्गत कन्टारबाट पश्चिम लागेपछि पुगिन्छ पर्यटकीय स्थल गलेखामकोट-कन्टारदेखि साँगे हुँदै पुगिने गलेखामकोट सदरमुकाम दमौलीदेखि नजिक रहेर पनि ओझेलमा परेको ठाउँ हो। आधाजसो पक्की र आधाजसो कच्ची सडक हुँदै पुगिने यस ठाउँमा सडकको असुविधाका कारण पर्यटक कम पुग्ने गरेका छन्। कुनै बेला मगर राजाले समेत राज्य गरेको यस ठाउँ ओझेलमा परेपछि स्थानीयवासी यसको प्रवर्द्धनमा जुटिरहेको वडाध्यक्ष गुरुङको भनाइ छ। यहाँबाट सदरमुकामको दमौली, शुक्लागण्डकी नगरपाकिालस्थित थप्रेक, व्यास नगरपालिकास्थित कलेस्ती, सिसाघाट, लमजुङको भोर्लेटार, सोतीपसल, दुइपिप्ले, कास्कीको फेवाताल, बेगनास ताल तथा विभिन्न ठाउँको रमणीय दृश्य देख्न सकिन्छ। गलेखामकोटमा नेवार समूदायको बाहुल्यता छ। गलेखामकोटमा भ्युटावर समेत बनेको छ। यहाँ विसं २०७६ सालमा रु १६ लाख ५० हजारको लागतमा भ्युटावर निर्माण गरिएको थियो। तीन तलाको दृश्यावलोकन स्तम्भबाट एकैपटकमा २० भन्दा बढी पर्यटकले दृश्यावलोकन गर्न मिल्नेछ। यहाँबाट कास्कीको फेवाताल, माछापुच्छे, धवलागिरी, अन्नपूर्ण, मनास्लु लगायतका हिमश्रृङ्खला देख्न सकिन्छ। गलेखामकोट बाइसे चौबीसे राज्यको पालामा चक्रधारी राजाले शासन गरेको ठाउँ हो। यहाँ रहेको कोटभैरव मन्दिरमा दशैंका बेला विशेष पूजाआजा हुने गरेको छ। बडादशैंको नवमीको दिन मन्दिरमा पञ्चबली दिने प्रचलन रहेको स्थानीयवासी मनिता गुरुङले जानकारी दिनुभयो। मन्दिरमा राना जातिले पूजारी र ब्राम्हण जाति पूरोहितको रुपमा काम गर्दै आएका छन्।

## कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना

प्रकाशित मितिः २०८२/१०/१ गते

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/०५/०८ मा दर्ता भएको प्रा.लि. द. नं. १५४५६० को एम.पी. स्टिल फर्निचर प्रा.लि. कम्पनीको मिति २०८२/०९/२१ मा सम्पन्न भएको विशेष सभाले कम्पनी ऐन, २०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताब पारित गर्ने निर्णय गरेकोले यस कम्पनीसँग कोहि कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्य युक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हक दाबी गर्ने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा हक दाबी लाग्ने छैन। कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

दामासायी व्यवसायी, लिक्विडेटरको कार्यालयः मणिराम नेपाल
इजाजत नं. ५४२ सम्पर्कः ९८०५६७६७१०

## कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना

प्रकाशित मितिः २०८२/१०/१ गते

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/१०/२३ मा दर्ता भएको प्रा.लि. द. नं. २०८२५८ को समुन्नति म्यूचियल इन्भेष्टमेन्ट समूह प्रा.लि. कम्पनीको मिति २०८२/०९/२१ मा सम्पन्न भएको बिशेष सभाले कम्पनी ऐन, २०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताब पारित गर्ने निर्णय गरेकोले यस कम्पनीसँग कोहि कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्य युक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हक दाबी गर्ने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा हक दाबी लाग्ने छैन। कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

दामासायी व्यवसायी, लिक्विडेटरको कार्यालयः रमेश हरि अधिकारी
इजाजत नं. ५४७ सम्पर्कः ९८०५६७६७१२